गुलरिया नगरपालिका

नगर कार्यपालिकको कार्यालय

गुलरिया बर्दिया

लुम्बिनि प्रदेश , नेपाल

## नगर प्रहरी करारमा सेवा लिने सम्बन्धी सूचना

प्रथम पटक सुचना प्रकाशित मिति : २०७८/१०/०४

गुलरिया नगरपालिकाको लागी नगर प्रहरी सेवा इकाइ मा रहने गरी नगर प्रहरी पद को रुपमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राखु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्घ्र) दिन भित्र दिनको २:०० बजेसम्म रु ५०० राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्य–विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.gulariyamun.gov.np बाट उपलब्ध हुनेछ ।

| पद नाम | जम्मा संख्या | खुल्ला | महिला |
|---|---|---|---|
| नगर प्रहरी हवल्दार | १ | १ | ० |
| नगर प्रहरी जवान | ३ | २ | १ |
| जम्मा | ४ | ३ | १ |

२. <u>न्युनतम अनिवार्य योग्यता</u>

(क) नेपाली नागरिक,

(ख) आवेदन दिने अन्तिम मिति सम्ममा १८ वर्ष उमेर पुरा भई ४५ वर्ष उमेर ननाघेको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा कुनै सजाय नपाएको,

(घ) नगर प्रहरी हवल्दार पदको लागी न्युनतम एस.एल.सी वा सो सरह तथा जवान पदको लागी कक्षा ८ उतीर्ण गरेको,

(ङ) पुरुषको हकमा कम्तिमा उचाई ५ फिट २ इन्च, छाती ३१-३३, तौल ५० केजी र महिलाको हकमा उचाई ५ फिट, तौल ४२ के.जी, आखाँ माईनस/प्लस २ भन्दा वढी कम्जोर नभएको

३. <u>छनौटको आधारहरु</u>

(क) न्युनतम शैक्षिक योग्यतावापत –४० अंक

(ख) एक तह माथिको शैक्षिक योग्यता वापत – १० अंक

(ग) यस काम सँग सम्वन्धित कार्य अनुभव वापत – १० अंक
(प्रति वर्ष २ अंक, प्रमाणित कागजात हुनुपर्ने)

(घ) भुतपुर्व प्रहरी, सैनिक आदि सेवामा कार्यरत वापत एकमुष्ठ –१० अंक

(ङ) भौगोलिक क्षेत्र वापत – १० अंक
(गुलरिया नगरपालिकाको वासिन्दा भए १० अंक,
वर्दिया जिल्लाको वासिन्दा भए ५ अंक)

(च) अन्तरवार्ता वापत २० अंक

३. **दरखास्तमा संलग्न गर्नुपर्नेः** शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि। पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner